# भूमे गाउँपालिका

## गाउँसभाको बैठकमा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक

## श्री सविना बुढाबाट प्रस्तुत

## आ.व. २०८२/०८३ को

## वार्षिक बजेट वक्तव्य

भूमे गाउँपालिकाको कार्यालय

खावाङबगर, रुकुम पूर्वि भाग

१० असाढ २०८२

**भूमे गाउँसभाका अध्यक्षज्यू,**

**गाउँसभा सदस्यज्यूहरु,**

**राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु र आम भूमेबासी आमा बुवा, दाजु-भाई तथा दिदी-बहिनीहरु**

संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधानको धारा २३० एवं स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ (१ ) बमोजिम भूमे गाउँपालिकाको उपाध्यक्षको हैसियतले भूमे गाउँ सभाको १६ औ अधिवेशनको दोस्रो बैठकमा आगामी आर्थिक वर्ष २०८२/०८३ को आय/व्ययको अनुमानित बजेट प्रस्तुत गर्न पाउँदा मैले गर्वको महशुस गरेको छु ।

हालसम्मको प्राप्त उपलब्धिलाई संस्थागत गर्दै भूमे बासी नागरिकको विकास, सुशासन र समृद्धि प्रतिको आकांक्षा सम्बोधन गर्ने उद्देश्यका साथ प्रस्तुत बजेट तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहान्छु ।

सर्वप्रथम, नेपालको आर्थिक, सामाजिक तथा राजनीतिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति सम्मान तथा आदरभाव व्यक्त गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि नेपाली जनताले पटक—पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, १९ दिने ऐतिहासिक जनआन्दोलन २, सशस्त्र संघर्ष, जनयुद्धको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान, राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहीदहरु प्रति उच्च सम्मान गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

साथै, घाइते, अपाङ्ग, बेपत्ता योद्धाहरुको त्याग, तपस्या र बलिदान तथा अग्रजहरुको अतुलनीय योगदानको उच्च सम्मान प्रकट गर्दै राष्ट्र निर्माणमा उहाँहरुले पुर्याउनु भएको अतुलनीय योगदान प्रति नमन गर्दछु ।

**सभाध्यक्ष महोदय,**

सुशासन, सामाजिक न्याय र समृद्धिको माध्यमबाट भूमे गाउँपालिकाको सर्वपक्षिय विकासलाई समानुपातिक तथा न्यायोचित वितरणको माध्यमबाट जनताको घर आगनसम्म पुर्याउनेतर्फ समग्र बजेट तथा कार्यक्रम लक्षित गरेको छु ।

सफा र हरियालीः समृद्ध भूमे निर्माण गर्ने दीर्घकालीन सोंच सहित भूमे गाउँपालिकालाई नमूना गाउँपालिकाको रुपमा विकास गर्न समृद्धिका आधार र आयामहरु समेटेर सन्तुलित र योजनावद्ध विकास गर्ने गरी राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता, आवधिक योजना, अन्तर्राष्ट्रिय प्रतिवद्धता, एकीकृत गुरुयोजना

र गाउँपालिकाको आवधिक योजनाले निर्दिष्ट गरेको दीर्घकालीन सोँच, लक्ष्य र उद्देश्य प्राप्तिमा प्रतिवद्ध र केन्द्रित गरी बजेट तथा कार्यक्रमलाई लक्षित गरेको छु।

प्रस्तुत बजेट आधारभूत पूर्वाधारको विकास, कृषि क्षेत्रको विकास गर्दै कृषकको आय- आर्जनमा वृद्धि गर्ने, शिक्षाको गुणस्तर सुधार, स्वास्थ्य क्षेत्रमा सेवा विस्तार तथा स्तरोन्नतीमार्फत नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने, पर्यटन प्रवर्द्धन मार्फत स्थानिय अर्थतन्त्रमा टेवा पुर्याउने, उद्यम विकासमार्फत स्थानीय रोजगारी प्रवर्द्धन गर्दै गरिबी न्यूनिकरण गर्ने तथा स्रोत साधनको प्रभावकारी परिचालन गर्दै सार्वजनिक सेवाका नविनतम अवधारणाहरुलाई अंगिकार गरी गुणस्तरीय सेवा प्रवाह गर्नेतर्फ उन्मुख छ ।

भूमे गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, चालु आवाधिक योजना, दीगो विकास लक्ष्य, प्रचलित कानूनी व्यवस्था, नेपाल सरकार, प्रदेश सरकार र भूमे गाउँपालिकाको आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य उद्देश्य, मध्यमकालीन खर्च संरचना, भूमे गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, गाउँसभाका सदस्यहरु, पूर्व जनप्रतिनिधिहरु, गाउँसभामा प्रतिनिधित्व रहेका र नरहेका गाउँपालिकामा सक्रिय राजनीतिक दलहरु, शिक्षक, बुद्धिजिवी, समाजसेवी, सहकारी, संघसंस्था, लक्षित वर्ग समूहका समूह सञ्जालका प्रतिनिधिहरु तथा राष्ट्रसेवक कर्मचारीहरुबाट प्राप्त सुझाव र नागरिक अपेक्षा र आवश्यकतालाई आधार बनाएको छु ।

बजेट तर्जुमा गर्दा नागरिकको अपेक्षालाई सम्बोधन गर्दै स्थानीय अर्थतन्त्रमा देखिएका समस्या तथा चुनौतिहरुको समाधान गरी आम नागरिकहरुमा आशा र भरोसाको संचार गर्ने जिम्मेवारी बोध गरेको छु । यसका लागि सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारी संयन्त्र, राजनितिक दल, निजि क्षेत्र, नागरिक समाज, विकास साझेदार, गैर सरकारी संस्थाहरु, सामाजिक संस्थाहरु, विदेशमा रहनुभएका नेपालीहरु, शैक्षिक व्यक्तित्व, संचार जगत र आम भूमेली नागरिकहरुको सहयोग, साथ, समर्पण, सहभागिता, र ऐक्यबद्धताबाट विद्यमान समस्या तथा चुनौतिको सामना गर्दै बजेटले लिएको लक्ष्य हासिल गर्न सकिनेमा विश्वस्त छु ।

**सभाका अध्यक्षज्यू**

संघीयताको कार्यान्वयनसँगै हामी स्थानीय तह स्थापनाको नवौं वर्षमा प्रवेश गरेका छौ । यस अवधिमा गाउँपालिकाले सामाजिक, आर्थिक तथा भौतिक क्षेत्रमा गरेका मुख्य उपलब्धिहरुको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

गाउँपालिकाले लिएको दुरगामी सोंच अनुसार गाउँपालिकाको समग्र आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय, विपद् जोखिम न्यूनिकरण, वातावरण संरक्षण र समग्र संस्थागत विकासका लागि आवश्यक नीतिगत तथा संस्थागत पूर्वाधारहरु तयार गरी सन्तुलित विकासलाई जोड दिएका छौ।

विकासका गतिविधिमा सबै नागरिकको सहभागितालाई केन्द्रविन्दु बनाइ प्रतिव्यक्ति आयमा वृद्धि, शैक्षिक गुणस्तर र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्दै समग्र मानव विकासको पक्षमा जोड दिइएको छ।

स्थानीय उत्पादन वृद्धि, उद्यमशिलता र बजारीकरणको क्रमिक विकासले रोजगारी र आर्थिक विकासमा टेवा पुऱ्याएको छ।

भौतिक पूर्वाधार, शैक्षिक पूर्वाधार, स्वास्थ्य संस्था विस्तार, उर्जा, सूचना प्रविधि लगायत भौतिक पूर्वाधारको क्षेत्रमा क्रमिक विकास गर्दै समुन्नत गाउँपालिकाको रुपमा विकास गर्ने कार्यमा हामी निरन्तर प्रयासरत छौ।

सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय,पारदर्शि र सर्वशुलव बनाइसेवा प्रवाहमा नागरिकको पहुँच सुनिश्चित गर्नु गाउँपालिका अन्तरगतका वडा कार्यालय, विषयगत शाखा, इकाई तथा कार्यालयबाट प्रशासनिक सेवा छिटो, छरितो र प्रभावकारी ढङ्गले प्रवाह हुने व्यवस्था मिलाइएको छ । उपलब्ध जनशक्तिलाई दक्ष, सीपयुक्त र कार्यजिम्मेवारी प्रति समर्पित बनाउन जोड दिइएको छ।

पूर्ण सरसफाईउन्मुख गाउँपालिका अभियान, वातावरणमैत्री गाउँपालिका अभियान, हरेक टोल पृथक उत्पादन, विशेषता र पहिचान अभिदयान, पोषणमैत्री स्थानीय शासन, बालमैत्री स्थानीय शासन, डिजिटल गाउँपालिका निर्माण अभियान, लैंगिक तथा जातीय विभेदमुक्त गाउँपालिका अभियान, सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि अभियान, पूर्ण खोपयुक्त गाउँपालिका, गुणस्तरीय स्वास्थ्य सेवा, मानव पूँजी निर्माण, अर्गानिक उत्पादनः भूमेको पहिचानजस्ता अभियानमुखी कार्यक्रमबाट गाउँपालिकालाई नमूना र समृद्ध बनाउनेतर्फ अग्रसर छौं ।

**सभाका अध्यक्षज्यू,**

अब म गाउँपालिकाको विद्यमान आर्थिक स्थिति र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समिक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

चालु आर्थिक वर्षको हालसम्म स्थानीय सञ्चित कोषमा नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रु. ९ करोड ७९ लाख ७ हजार ९ सय २०, सशर्त अनुदान चालु वापत रु. १८ करोड ७ लाख १२ हजार ५ सय र सशर्त अनुदान पूँजीगत वापत रु. २ करोड ६४ लाख, समपूरक अनुदान वापत १ करोड १० लाख, विशेष अनुदान वापत रु. १ करोड प्राप्त भएको छ भने प्रदेश सरकारबाट समानीकरण अनुदान वापत रु. ७३ लाख ५ हजार, सशर्त अनुदान वापत रु. ५९ लाख २७ हजार, विशेष अनुदान चालु वापत रु. २० लाख र समपूरक अनुदान वापत रु. ७० लाख प्राप्त भएको छ । नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँडबाट रु. ७ करोड ५६ लाख ८३ हजार ३ सय ४५, प्रदेश सरकारबाट सवारी साधन कर राजस्व बाँडफाँडबाट रु. ४३ लाख ५० हजार २ सय ७४ र आन्तरिक आयतर्फ रु. ३८ लाख ९२ हजार ६ सय ५३ रुपैयाँ जम्मा भएको छ । गत आर्थिक वर्षबाट बचत

भई सञ्चित कोषमा मौज्दात रहेको रु ६१ लाख ३८ हजार ५ सय ९५ गरी **कुल ४३ करोड ८३ लाख १७ हजार २ सय ८९ रुपैया प्राप्त भएको छ ।**

खर्चतर्फ स्थानीय सञ्चित कोषबाट चालुतर्फ रु. २२ करोड १२ लाख ५५ हजार ७ सय १७ रुपैयाँ र पूँजीगततर्फ रु. १० करोड ७३ लाख २९ हजार ३ सय ८१ गरी कूल ३२ करोड ८५ लाख ८५ हजार ९८ रुपैंयाँ खर्च भइ १० करोड ९७ लाख ३२ हजार १ सय ९१ रुपैया स्थानीय सञ्चित कोषमा मौज्दात रहेको छ । कुल विनियोजनको ७४.९७ प्रतिशत खर्च भएको व्यहोरा सभाका अध्यक्षजू समक्ष जानकारी गराउन चाहान्छु ।

**सभाध्यक्ष महोदय,**

आगामी आर्थिक वर्षहरुमा गाउँपालिकाको समुन्नतिका लागि सामाजिक न्याय सहितको दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्न लगानी तथा त्यसको उत्पादकत्व बढाउनु पर्नेछ। सरकारी, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहकार्यबाट यो लक्ष्य हासिल गर्नुपर्नेछ। सरकारको बजेटको खर्चलाई प्रतिफलमुखी बनाउँदै पूजीगत खर्च गर्न सक्ने क्षमता र पूँजीगत खर्चको गुणस्तर बढाउन प्रभावकारी बजेट कार्यान्वयन तथा अनुगमन मूल्याङ्कनका साथै थप मेहनत गर्नु पर्नेछ। आगामी बजेट तथा कार्यक्रम यी विषयहरुलाई सम्बोधन गर्नेतर्फ परिलक्षित भएर प्रस्तुत गरिएको छ।

**सभाअध्यक्षज्यू,**

विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासनका लागि राजनीतिक संयन्त्र, व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाजको सहयोगमा पालिकामा उपलब्ध प्राकृतिक तथा मानवीय लगायत सबै प्रकारका स्रोत तथा साधनको कुशलतापूर्वक परिचालन र उपयोग गर्दै सुशासन, विकास र समृद्धिमार्फत नागरिकको जीवनस्तरमा सकारात्मक एवं गुणात्मक परिवर्तन र समृद्ध पालिका निर्माण गर्ने पर्याप्त सम्भावना हामीसँग छ ।

यी सम्भावनाहरुलाई मूर्तरुप दिन यस गाउँपालिकाको समग्र आर्थिक परिदृष्यमा देखिएका मूलभूत चुनौतिहरु यस प्रकार प्रस्तुत गरेको छुः

**स्रोत व्यवस्थापनः** वित्तीय हस्तान्तरण अन्तर्गतका अनुदानहरु सिलिङ अनुसार प्राप्त नहुँदा विकास निर्माणका कार्यहरुमा स्रोत व्यवस्थापनमा परेको चाप कम गर्नु।

**आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धिः** स्थानीय माटो र हावापानी सुहाउँदो आन्तरिक उत्पादनमा बृद्धि गर्नु, उत्पादित वस्तुको उचित बजार व्यवस्थापनका माध्यामबाट आन्तरिक तथा बाह्य बजार सुनिश्चित गर्नु चुनौति रहेको छ।

**कार्यान्वयन क्षमता वृद्धिः** गाउँपालिकाभित्र सञ्चालन हुने विकास आयोजनाहरुको न्यून व्यवस्थापकीय क्षमता, निर्माण व्यवसायी र उपभोक्ता समितिको कमजोर वित्तीय र प्राविधिक क्षमता, कानूनी, नीतिगत र प्रक्रियागत जटिलताका कारण आयोजनाहरु तोकिएको समय सिमाभित्र सम्पन्न हुन नसक्ने तथा आयोजना कार्यान्वयनमा संलग्न सरोकारवालाहरुको काम गर्ने उत्साहमा कमी, नतिजा प्राप्तिप्रतिको उदासिनता र समग्र मानवीय क्षमताको कमीका कारण कार्यान्वयन क्षमता कमजोर देखिन्छ। स्थानीयस्तरमा दक्ष र सीपयुक्त जनशक्ति उत्पादन, आपसी समन्वय र प्रभावकारी अनुगमन प्रणालीको विकास गरी लक्ष्य बमोजिम कार्यसम्पादन गर्नु चुनौतिपूर्ण छ।

**सार्वजनिक निर्माणको गुणस्तरीयता र संरक्षणः** सार्वजनिक निर्माण कार्यको सुक्ष्म सुपरिवेक्षण, निर्माण व्यवसायीहरुको कमजोर क्षमता र सघन अनुगमनको अभावमा निर्माण भएका संरचनाहरु छोटो समयमा नै जीर्ण र लथालिङ्ग हुने गरेका छन्। सार्वजनिक निर्माणको गुणस्तर कमजोर रहेको अवस्थामा यसमा सुधार गरी सार्वजनिक निर्माणको गुणस्तर वृद्धि गर्नुपर्ने र दोहोरो खर्च रोक्नुपर्ने र निर्मित सार्वजनिक सम्पतीको उचित उपयोग र संरक्षण कार्य चुनौतिपूर्ण छ।

**आर्थिक तथा सामाजिक विकास गर्नुः** आम नागरिकको जीवनस्तर माथि उकास्न शिक्षा, स्वास्थ्य, सरसफाई, रोजगारी क्षेत्रमा आमूल परिवर्नत नभएसम्म वास्तविक विकासको आभास नहुने भएकाले मानव विकास सूचकाङ्कमा पछि परेको पालिकाबासीको चिन्तन, जीवनशैली, शिक्षा स्वास्थ्यमा गुणस्तर ल्याउनु र रोजगारी सृजना गर्नु चुनौतिपूर्ण छ ।

**स्थानीयस्तरमा रोजगारी सृजनामार्फत गरिबी न्यूनिकरणः** स्थानीयस्तरमा उद्यमशिलताको विकास गरी रोजगारी सिर्जनामार्फत गरिबी न्यूनिकरण गर्नु चुनौति रहेको छ ।

**औपचारिक अर्थतन्त्रको विकासः** आर्थिक क्षेत्रको ठूलो हिस्सा औपचारिक क्षेत्रभन्दा बाहिर रहेको कारण अर्थतन्त्रको वास्तविक पहिचान गर्न गाह्रो छ। बैंक तथा वित्तीय संस्थाहरुको स्थापना हुन नसकेको अवस्थामा सबै आर्थिक कारोवारहरुलाई औपचारिक दायरामा ल्याई सबै आर्थिक कारोबारहरु बैकिङ प्रणाली मार्फत् गर्ने कार्य चुनौतिपूर्ण छ।

**सूचना तथा सञ्चार प्रविधिको विकासः** गाउँपालिकाभित्रका सबै जनताले सूचना तथा सञ्चारमा सहज रुपमा पहुँच स्थापित गर्नका लागि आवश्यक सूचना तथा सञ्चार प्रविधिहरुको पूर्वाधारहरुको निर्माण र निजी क्षेत्रलाई आकर्षण गर्ने कार्य पनि चुनौतिपूर्ण छ।

**सुशासन अभिवृद्धिः** सबै वर्ग क्षेत्रको अर्थपूर्ण सहभागिता, कानूनको परिपालना, सेवा प्रवाहमा प्रभावकारिता, सुदृढ र सक्षम संस्थागत सुशासन कायम गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउने तथा व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाजको निर्माण गर्ने कार्य चुनौतिपूर्ण छ।

**योजना संशोधन तथा रकमान्तरः** आर्थिक वर्षको मध्य अवधि नसकिदै योजना संशोधन, बजेट रकमान्तर हुने प्रवृत्ति रोक्नु चुनौतिपूर्ण छ ।

**सभाअध्यक्ष महोदय,**

हाम्रा थुप्रै चुनौतिहरु रहेता पनि समृद्ध नेपालको बलियो जगको रुपमा रहेको स्थानीय तहलाई मजबुत बनाउन आम जनताको उल्लेख्य तत्परता र सहभागिता, स्वयंसेवा प्रणाली र स्रोतहरुको कुशल परिचालन लगायतका सम्भावनाहरुको परिचालन मार्फत **सफा र हरियालीः समृद्ध भूमे** निर्माण गरी नागरिकको जीवनस्तरमा गुणस्तरीयता ल्याउने अवसर प्राप्त भएको छ। विद्यमान अवसरहरुको सदुपयोग र चुनौतिहरुको सामना गर्ने गरी आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रम तयार गरिएको छ। यो बजेटका उद्देश्यहरु यसप्रकार प्रस्तुत गरेको छुः

१. दिगो उत्पादन, रोजगारी र आयआर्जनमा वृद्धि गरी आर्थिक विकास गर्नु,
२. गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा सहज रुपमा उपलब्ध गराइ मानव विकास गर्नु,
३. दिगो र विपद प्रतिरोधी भौतिक पूर्वाधारहरुको विकास तथा विस्तारमार्फत सुरक्षित संरचना र संस्थागत विकासमा जोड दिने,
४. समतामूलक, सामाजिक न्यायपूर्ण सभ्य समाजको निर्माण र सरकारको प्रभावकारिता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गर्ने,
५. कृषि, उद्योग, पर्यटन र सेवा क्षेत्रहरुमा उत्पादन तथा रोजगारी वृद्धि गरी गरिबी न्यूनीकरण गर्ने,
६. स्रोत र साधनको अधिकतम उपयोग र प्रभावकारी परिचालन गरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्दै सन्तुलित विकास गर्नु,
७. सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय,पारदर्शि र सर्वशुलव बनाइ सेवा प्रवाहमा नागरिकको पहुँच सुनिश्चित गर्नु ।

यी उद्देश्यहरु हासिल गर्नको लागि आर्थिक वर्ष २०८२/०८३ को बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरिएको छः

१. गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई,
२. स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारण
३. कृषि, पर्यटन, उद्योग तथा मानव संशाधन
४. अन्तरसम्बन्धित पूर्वाधार विकास र पूँजी निर्माण
५. घरेलु तथा साना उद्योग प्रवर्द्धनबाट उत्पादन र उत्पादकत्व वृद्धि र बजारीकरणमा जोड,
६. पर्यटन पूर्वाधारको विकास तथा प्रवर्द्धन, जलविद्युत उत्पादन, उद्योग स्थापना लगायतका क्षेत्रमा सरकारी, निजी र सहकारी क्षेत्रको लगानी आकर्षण तथा रोजगारी प्रवर्द्धन
७. विपद् व्यवस्थापन, वन तथा भू—संरक्षण, जलवायु परिवर्तन अनुकूलन

८. संस्थागत विकास तथा शासकीय सुधारमार्फत विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा नागरिकको जनसहभागिता सहितको सुशासनमा जोड,

**सभाध्यक्ष महोदय,**

अब म यिनै चुनौति, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्ष २०८२/०८३ को व्ययको अनुमान यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु।

१. नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान, राजस्व बाँडफाँड वापत प्राप्त हुने रकम, आन्तरिक आयबाट प्राप्त हुने रकमलाई अनिवार्य दायित्व, क्रमागत आयोजना, पालिकास्तरीय आयोजना र वस्तीस्तरबाट माग भएका वडास्तरीय आयोजनाहरुमा आवश्यक बजेट विनियोजन गरेको छु ।

२. संघिय सशर्त अनुदानतर्फ रु. **२१ करोड** ४ लाख र प्रदेश सशर्त अनुदानतर्फ रु. ९५ लाख विनियोजन भएको छ ।संघीय सशर्त अनुदानका रुपमा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त आयोजना तथा कार्यक्रमहरु पालिकाको प्राथमिकताको आधारमा छनौट गरी प्राप्त मार्गदर्शन बमोजिम समयमै कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

३. नेपाल सरकारबाट प्राप्त समपुरक अनुदानतर्फ काँक्री स्वास्थ्य चौकि भवन निर्माणका लागि रु. ८६ लाख र गाउँपालिकाबाट साझेदारी गर्न रु.२२ लाख गरी कुल १ करोड ८ लाख विनियोजन गरेको छु । प्रदेश सरकारबाट स्वीकृत भई आएका समपूरक अनुदानतर्फको जनजागृति मा वि महत विद्यालय भवन निर्माणका स्थानीय तहको लागत सहभागिता सहित **रु. १ करोड ८** लाख विनियोजन गरेको छु।

४. नेपाल सरकारबाट प्राप्त विशेष अनुदानतर्फ पोषणमैत्री स्थानीय तह र स्वास्थ्य प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि **रु. १ करोड** ६५ लाख विनियोजन गरिएको छ। त्यसैगरी लुम्बिनी प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान कार्यक्रमतर्फ विद्यालय छात्रावास निर्माणका लागि **रु.२० लाख** विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म मुख्य मुख्य क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव पेश गर्ने अनुमति चाहन्छु।

१. गाउँपालिकाको गौरबको आयोजनाको रुपमा रहेको प्रशासनिक भवन निर्माणको चरणमा रहेको छ । २ वर्ष भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको प्रशासकीय भवन निर्माणका लागि **रु. ३ करोड** बजेट विनियोजन गरेको छु ।

२. वडा कार्यालय भवन निर्माण तर्फ १ नं. र ७ नं वडा कार्यालयको भवन निर्माण सम्पन्नताको अन्तिम चरणमा रहेको छन् । आगामी आ.व. मा निर्माण सम्पन्न हुने १ र ७ नं. वडा कार्यालय भवन निर्माणका लागि क्रमशः २४ / २४ लाख विनियोजन गरेको छु ।त्यस्तै, वडा नं. ४ र ५ को वडा कार्यालय भवन निर्माण कार्य सुरु गर्न क्रमशः ५०/५० लाख रकम विनियोजन गरेको छु ।

३. स्थानीय उत्पादनको संकलन, लामो अवधिसम्मका लागि भण्डारण तथा आवश्यकतानुसार बजारीकरण गर्ने गरी वडा नं. ३ को रतुवामारेमा चिस्यान केन्द्र निर्माण कार्य अन्तिम चरणमा रहेको छ। आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउन चिस्यान केन्द्र निर्माणका लागि रु. ६७ लाख विनियोजन गरेको छु ।

**१. सामाजिक विकास**

**स्वास्थ्यः**

१. स्वास्थ्य सम्बन्धी गुणस्तरीय सेवा प्रवाहका लागि मापदण्ड बमोजिमका पूर्वाधार निर्माण अन्तर्गत काँक्री स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई कुचिबाङ र सामुदायिक स्वास्थ्य इकाई डालिवाङ भवन निर्माणका लागि साझेदारी गर्न बजेटको व्यवस्था गरेको छु ।

२. स्वास्थ्य संस्थाहरुमा औषधी, उपकरण, द्रुत टिम, स्वास्थ्यकर्मीको पर्याप्त व्यवस्था तथा परिचालन, मार्फत आम गाउँपालिकाबासीको स्वास्थ्य सुविधामा सहज पहुँच कायम गर्न **मोवाईल स्वास्थ्य कार्यक्रम, टेलिमेडिसिन, आँखा चेकजाँच अभियान, बिषेशज्ञ सहितको एकिकृत घुम्ति शिविर** कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको प्रवन्ध मिलाएको छु ।

३. संघिय सरकारसँगको साझेदारीमा नियमित खोप सुदृढिकरण, विद्यालय केन्द्रित खोप अभियान, सरसफाइ प्रवर्द्धन कार्यक्रम, खोपबाट बचाउन सकिने रोगहरुको खोज पड्ताल तथा निगरानी, **पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यक्रम** सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४. द्वन्द्व पीडित, अति विपन्न परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्ति र दीर्घ रोगीलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्न रु ११ लाख विनियोजन गरेको छु । साथै अशक्त, असहाय र **७० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई घरघरमै स्वास्थ्य सेवा र दीर्घ रोगीहरु, मानसिक रोगी लगायत महामारीको अवस्थामा औषधीको व्यवस्थापन गर्न औषधी खरिद कार्यका लागि ३० लाख विनियोजन गरेको छु।**

५. म स्वस्थ, मेरो समुदाय स्वस्थ भन्ने नारालाई सार्थकता दिन आम नागरिकलाई स्वास्थ्यसम्बन्धी सचेतना तथा स्वास्थ्य सेवा पुर्याउन घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६. नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि **आरोग्य केन्द्र, योग ध्यान शिविर, मनोसामाजिक परामर्श** तथा **गृहिणी भान्सा सुधार** कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको प्रवन्ध गरेको छु ।

७. संघ तथा प्रदेश सरकारले लिएको स्वास्थ्य सम्बन्धी नीतिलाई स्थानीयकरण गर्दै परिवार योजना सेवा, क्षयरोग नियन्त्रण कार्यक्रम, मातृ तथा नवशिशु कार्यक्रम, मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम कार्यक्रम, प्रजनन् रुग्णता, पूर्ण खोप तथा दिगोपना, महमारी रोग नियन्त्रण कार्यक्रम, खाद्य तथा  पोषण कार्यक्रम, उपचारात्मक सेवा, नर्सिङ तथा सामाजिक सुरक्षा कार्यक्रम, स्वास्थ्य व्यवस्थापन कार्यक्रम, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम  लगायत स्वास्थ्य शाखा, स्वास्थ्य चौकीमा कार्यरत कर्मचारिहरुको तलव, महङ्गि भत्ता र पोषाक भत्ता जस्ता कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयन गर्न नेपाल सरकारबाट सशर्त अनुदान वापत प्राप्त रकम रु ५ करोड ६८ लाख विनियोजन गरेको छु ।

८. अपाङ्गता भएका बालबालिकाहरुको जन्मिने दरमा कमि ल्याउन सम्पूर्ण गर्भवति आमाहरुलाई **निःशुल्क क्यालसियम चक्की वितरण** तथा परिवार योजनामा रहेका दम्पतिहरुलाई **निःशुल्क फोलिक एसिड वितरण** कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

९. स्वास्थ्य संस्थाहरुको संस्थागत प्रणालीमा सुदृढीकरण गर्दै स्वास्थ्य संस्थाहरुमा औषधी, उपकरणको व्यवस्था गरी आम गाउँपालिकाबासीको स्वास्थ्य सुविधा पहुँचमा विशेष जोड दिइनेछ ।मानसिक स्वास्थ्य सम्बन्धी आवश्यक औषधी खरिद तथा परामर्श सेवा सञ्चालनका लागि आवश्यक बजेटको प्रवन्ध गरेको छु ।

१०. स्वास्थ्य संस्थाहरुको सुदृढीकरणका लागि सर्जिकल सामग्री, औषधी तथा पूर्वाधारको आवश्यक व्यवस्थाका साथै स्वास्थ्यकर्मीहरुको दक्षताका लागि आवश्यक तालिमको व्यवस्था, स्वास्थ्यकर्मीहरुको प्रोत्साहन सम्मान तथा संस्थागत सुविधामा विस्तार, स्वास्थ्य संस्थाहरुको सुदृढीकरण, ओटिसी सेवा विस्तार लगायत समग्र स्वास्थ्य क्षेत्रमा रु. ७ करोड २४ लाख ८० हजार विनियोजन गरेको छु ।

११. बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण कार्यक्रम तथा पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन तथा सुनौलो हजार दिनका आमाहरुलाई पोषण सुधारका लागि आयआर्जन सुधार अनुदान सहित बहुक्षेत्रिय पोषण कार्यक्रम सञ्चालन गर्न  रु. ३७ लाख ७५ हजार विनियोजन गरेको छु ।

१२. नेपाल सरकारको विशेष अनुदानमा पोषणमैत्री स्थानीय शासन र स्वास्थ्य प्रवर्द्धन कार्यक्रम अन्तर्गत सघन पोषण कार्यक्रम, नमूना पोषण टोल समिति गठन, उत्पादन प्रवर्द्धन, पोषण आत्मनिर्भरताका कार्यक्रम सञ्चालनका लागि रु. १ करोड ६५ लाख विनियोजन गरेको छु।

**शिक्षाः**

१. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर, भौतिक व्यवस्थापन लगायत  गुणस्तर सुधारका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन,सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थापनका

लागि अनुदान दिने प्रवन्ध गरेको छु । आधारभूत तथा माद्यामिक तहमा गणित विज्ञान अङ्ग्रेजी विषयको नतिजा सुधारका लागि शिक्षण सहयोग अनुदान दिने व्यवस्था मिलाएको छु ।

२. किशोर किशोरीहरुको प्रजनन स्वास्थ्य सेवा, सूचनामा पहुँच अभिवृद्धि गर्न सबै स्वास्थ्य संस्थाहरुमा किशोर किशोरीमैत्री स्वास्थ्य सेवा तथा विद्यालयहरुमा सूचना केन्द्र स्थापनालाई निरन्तरता र प्राथमिकता दिँदै विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा निःशुल्क स्यानिटरी प्याडको उपलब्धता र फोहर व्यवस्थापनका लागि आवश्यक बजेटको प्रवन्ध गरेको छु ।

३. प्रधानाध्यापकलाई प्रोत्साहन तथा थप जिम्मेवारी प्रदान गरी विद्यालयको प्रशासकीय र व्यवस्थापकीय सुधारका लागि सूचकका आधारमा नियमित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरी विद्यालय शिक्षा सुधार परियोजनालाई व्यवस्थित गर्ने उद्देश्यले सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई हाल पाइरहेको सुविधालाई निरन्तरता दिन बजेटको व्यवस्था गरेको छु।

४. आवश्यकता र अनुकूलतामा आधारित स्थानीय पाठ्यक्रम विकास र निर्माण गर्न आवश्यक बजेट विनियोजनको व्यवस्था मिलाउनुका साथै पाठ्यपुस्तक छपाई तथा वितरणका लागि आवश्यक बजेटको प्रवन्ध गरेको छु ।

५. केन्द्रबाट नमूना विद्यालय छनौट भएको नेपाल राष्ट्रिय माद्यामिक विद्यालय चुनबाङको क्रमागत पूर्वाधार निर्माण तथा व्यवस्थापनका लागि नेपाल सरकाको सशर्त अनुदानबाट कार्यान्वयन हुने गरी रु. एक करोड विनियोजन गरेको छु ।

६. माध्यामिक परीक्षा सकेर बसेका कम्प्यूटर शिक्षा सिक्न चाहाने विद्यार्थीहररुका लागि कम्प्यूटर शिक्षा प्रदान गर्ने कार्यलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु । साथै विपन्न वर्गको सार्वजनिक निकायमा पहुँच सुनिश्चितताका लागि लोक सेवा तथा शिक्षक सेवा तयारी कक्षा सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७. आर्थिक अभावका कारण पनि व्यवसायिक उच्च शिक्षा हासिल गर्ने अवसरबाट बञ्चिति व्यहोर्नुपरेका मेधावी विद्यार्थीहरुलाई उच्च प्राविधिक र व्यवसायिक शिक्षा हासिल गर्नका लागि शैक्षिक ऋणलाई निरन्तरता दिँदै आधारभूत तहदेखि माध्यामिक तहसम्म गाउँपालिकाभित्रकै सामुदायिक विद्यालयमा अध्ययन गरेका मेधावी विद्यार्थीहरुलाई शैक्षिक कर्जा तथा छात्रवृत्तिको व्यवस्थाका लागि आवश्यक बजेटको प्रवन्ध गरेको छु ।

८. विद्यार्थीहरुको शारिरिक, मानसिक र संवेगात्मक विकासका लागि नियमित रुपमा सञ्चालन हुने राष्टपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि स्थानीय साझेदारी गर्न रु.९ लाख बजेट विनियोजन गरेको छु ।

९. सामुदायिक विद्यालयमा सूचना प्रविधिको विकास र विस्तार गरी शैक्षिक गुणस्तर बृद्धिका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।सुरक्षित विद्यालय प्रभावकारी सिकाईका लागि गुरुयोजनाको आधारमा विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा व्यवस्थापन साझेदारीमा रु. १ करोड ३० लाख विनियोजन गरेको छु ।

१०. सुरक्षित विद्यालयको अवधारणामा गुणस्तरीय शैक्षिक, भौतिक पूर्वाधार निर्माण तथा मर्मतका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।शिक्षक दरबन्दी मिलान गरी सामुदायिक विद्यालयहरुमा आवश्यक दरबन्दी नभई आम जनतामा पर्न गएको भार, शिक्षक अपुग भएर आवश्यक न्यूनतम् पाठ्यघण्टा समेत नपुग्ने अवस्थालाई मध्यनजर गर्दै आवश्यकता र औचित्यताका आधारमा स्थानीय शिक्षण सिकाई अनुदान, संघीय शिक्षण सिकाइ अनुदान, बालबिकास सहजकर्ता, विद्यालय सहयोगीको तलब भत्ता तथा पोषाक, भान्से अनुदान लगायत समग्र शिक्षा क्षेत्रतर्फ रु १९ करोड २१ लाख ७३ हजार रकम विनियोजन गरेको छु ।

**यूवा तथा खेलकुदः**

१. पालिकाद्धारा आयोजना गरिने भूमे कप, गुरिल्ला म्याराथन, वडास्तरीय खेलकुद प्रतियोगिता तथा कार्यक्रमलाई व्यवस्थित गर्दै प्रतिभावान खेलाडी पहिचान, अभिलेखीकरण, क्षमता विकास तथा प्रोत्साहन गर्ने कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
२. यूवाहरुको ज्ञान, सीप र क्षमतालाई सदुपयोग गर्ने खालका योजना तथा कार्यक्रमहरु मार्फत गाउँपालिकाको नीति तथा योजना तर्जुमा, विकास गतिविधि, ज्ञान सीप आदान प्रदान तथा हस्तान्तरणमा यूवा विकास केन्द्रको भूमिकालाई प्रभावकारी बनाउन यूवा विकास केन्द्रको पुर्नगठन, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
३. यूवाहरुलाई व्यावसायिक खेलकुद प्रति आकर्षित गर्न गाउँपालिकाभित्रका राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडिहरुलाई सम्मान गर्नुका साथै विपन्न खेलाडीहरुलाई प्रोत्साहन सहायता दिने व्यवस्था मिलाएको छु।
४. खेलकूद प्रतियोगिता सञ्लालन गरी खेलाडी पहिचान तथा खेलाडिको क्षमता विकासमार्फत राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरसम्म खेलाडीको पहुँच पुर्याउन वडा तथा पालिकास्तरमा खेलकुद पूर्वाधार निर्माण तथा स्तरोन्नती गरी खेल क्षेत्रको विकास गर्न तथा व्यवसायिक खेलकूद तालिम, खेल तथा खेलाडीका अनुभव आदानप्रदानका लागि अन्तर जिल्ला तथा अन्तर स्थानिय तह समन्वय तथा सहकार्यमा खेलकूद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि यूवा तथा खेलकूदतर्फ ४७ लाख ९ हजार ४ सय विनियोजन गरेको छु ।

**भाषा तथा सस्कृति**

१. ऐतिहासिक तथा परम्परागत स्थानीय भाषा, कला, संस्कृतिको पहिचान, अध्ययन, संवर्द्धन, संरक्षण, विकास र प्रचार प्रसारका लागि अभिलेखीकरण, पुस्तान्तरण र हस्तान्तरणमा जोड दिएको छु।

२. भूमे साँस्कृतिक महोत्सव प्रतियोगिता र वडास्तरीय मेला महोत्सव सञ्चालनमार्पत परम्परागत भाषा, कला संस्कृति संरक्षण तथा संवर्द्धनका लागि भाषा तथा संस्कृतितर्फ रु. ११ लाख ७६ हजार रकम विनियोजन गरेको छु।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

१. नेपालको संविधानले व्यवस्था गरेको लक्षित वर्गको हकहितको सुनिश्चित गर्दै लैंङ्गिक समता र समानता, सशक्तिकरण, मूलप्रवाहीकरण र अर्थपूर्ण सहभागिता वृद्धि गर्ने नीति अनुरुप कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. सामाजिक समावेशीकरण तथा लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धी नीति तर्जुमा र लैङ्गिक हिंसा तथा लिङ्गको आधारमा गरिने भेदभावलाई शून्यमा झार्ने नीति अङ्गिकार गर्दै महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क व्यवस्थापन गरी लक्षित व्यक्तिको आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।

३. बालबालिकाको हकहित संरक्षणका साथै शारीरिक, मानसिक तथा संवेगात्मक लगायत हरेक क्षेत्रमा क्षमता विकासका लागि हरेक चरणमा अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्दै **बालमैत्री स्थानिय शासनयुक्त गाउँपालिका घोषणा** गर्न बालश्रम उन्मुलन, बाल विकास र वाल संरक्षणमा सघाउ पुर्याउने कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

४. **समुदाय प्रहरी साझेदारीको** अवधारणमा समाजमा रहेका बालश्रम, बालबिवाह, बहुविवाह, दाइजो, बोक्सी जस्ता हानिकारक अभ्यास र लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार, **लागु औषध दुर्व्यसनी विरुद्ध** सचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गर्नका लागि बजेटको व्यवस्था गरेको छु ।

५. समाजमा विद्यमान कुरिति र कुसंस्कारहरुको न्यूनिकरण गरी सचेतना वृद्धि गर्न गाउँपालिका भित्र सक्रिय **आमा समूहहरुलाई समूहको काम कर्तव्य र अधिकार** सम्बन्धमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

६. गाउँपालिका क्षेत्रभित्र रहेका महिला, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालवालिका र पिछडिएका वर्ग लगायत सम्पूर्ण नागरिकहरुको आवश्यकता र मागलाई सम्बोधन गरी सशक्तिकरण गर्न **समुदायसँग उपाध्यक्ष** कार्यक्रम सञ्चालनका लागि रु. ५ लाख विनियोजन गरेको छु ।

७. वडास्तरसम्म ज्येष्ठ नागरिक मञ्च, अपाङ्गता सञ्जाल, बाल सञ्जाल, महिला सञ्जाल, उपेक्षित उत्पीडित वर्ग उत्थान सञ्जाल पुर्नगठन गरी उनीहरुको व्यक्तित्व विकास, नेतृत्व विकास र क्षमता विकास जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

८. सेवा प्रवाहका क्रममा अतिविपन्न, अशक्त, ज्येष्ठ नागरिकहरुलाई प्रमाणपत्रका आधारमा सेवा शुल्क वापतको कुनै पनि रकम नलिने विगतको नीतिलाई निरन्तरता दिँदै **एकल महिला र अपाङ्गता भएका व्यक्तिहरुलाई फर्म तथा व्यवसाय दर्ता शुल्क पूर्ण छूट** दिने कार्यलाई निरन्तरता दिन आवश्यक प्रवन्ध मिलाएको छु।

९. द्वन्द्व पिडित, सामाजिक रुपमा बहिष्करण र बञ्चितिकरणमा परेका व्यक्तिहरुको जीविकोपार्जन सुधारका लागि कार्यविधि बमोजिम सहायता प्रदान गर्न कोष स्थापनाका लागि रु. १० लाख विनियोजन गरेको छु।साथै, मानव विकासको सूचकांकमा पछि परेका टोल, वस्ति र वडामा जिविकोपार्जन सुधार कार्यक्रम संचालन गर्न संघीय सशर्त अनुदानबाट रु. ९ लाख विनियोजन गरेको छु ।

१०. उत्पीडित, उपेक्षित दलित तथा अन्य विपन्न समुदायको सशक्तिकरण र क्षमता विकासको लागि सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा प्रवर्द्धनात्मक कार्यक्रममा जोड दिने र यस्ता वर्गहरुको सार्वजनिक निकायमा पहुँच अभिवृद्धि गर्न **निःशुल्क लोक सेवा आयोग, शिक्षक सेवा आयोग , कम्प्यूटर तयारी कक्षा र रेडियो कार्यक्रम सञ्चालन कार्यलाई** निरन्तरता दिने व्यवस्था गरेको छु ।

११. सबै किसिमका लैङ्गिक हिंसा न्यूनिकरण गर्न, हिंसाका सम्बन्धमा सचेतना वृद्धि गरी हिंसामुक्त गाउँपालिका निर्माणका लागि लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान लगायत हिंसा विरुद्धका दिवश तथा अन्य दिवशीय कार्यक्रम सञ्चालनका लागि रु. ९ लाख विनियोजन गरेको छु ।

१२. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको क्षेत्रमा गाउँपालिका र अन्तर्गतका वडाहरुबाट कार्यक्रमहरु सञ्चालन हुने गरी कुल ८७ लाख १३ हजार ६ सय रुपैया विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाई**

१. वास योजनाको प्राथमिकिकरण बमोजिम खानेपानी आयोजना निर्माण तथा सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

२. खानेपानीको पहुँच नपुगेका टोल तथा वस्तिहरुमा एक घर एक धारा निर्माण अभियान निरन्तरताका लागि बजेटको व्यवस्था गरेको छु ।

३. पूर्ण सरसफाईयुक्त वडा घोषणा भएका वडाहरुको दिगोपना कायम गर्दै थप वडालाई पूर्ण सरसफाईयुक्त वडा घोषणा गरी पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणाका लागि बजेटको प्रवन्ध गरेको छु ।

४. सुरक्षित खानेपानीको सुनिश्चितताका लागि पानीको शुद्धता परिक्षण, सरसफाई कार्ययोजना कार्यान्वयनका लागि सामाग्री खरिद लगायत खानेपानी तथा सरसफाईमा रु ६७ लाख ७५ हजार विनियोजन गरेको छु ।

**सभाध्यक्षज्यू,**

**आर्थिक विकासः**

**कृषिः**

१) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षा, खाद्य संप्रभूताका साथै पोषण सुरक्षा सुनिश्चतताको मान्यता अनुरुप उत्पादक र उपभोक्ताको अधिकार सुनिश्चित गर्ने गरी कृषिमा विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, प्रविधिकरण र बजारीकरणमा जोड दिइनेछ ।

२) कृषिको जैविक विविधता, कृषकको परम्परागत ज्ञान, सीप र प्रविधीको संरक्षण गर्दै हरेक वडामा रैथाने बालीको प्रवर्द्धन गर्ने कार्य अगाडी बढाउन तथा गाउँपालिकालाई वीउ विजनमा आत्मनिर्भर बनाउन सामुदायिक वीउ बैंक स्थापना तथा सदृढिकरण कार्यक्रम सञ्चालन गर्ने प्रवन्ध मिलाएको छु ।

३) किसान सूचीकरण मार्फत वास्तविक किसानहरुको पहिचान गरी कृषि सम्बन्धी खण्डिकृत तथ्याङ्कहरुको संकलन गरी पालिकाको कृषि प्रोफाईल तयार गर्न आवश्यक प्रवन्ध गरेको छु ।

४) वैदेशिक रोजगारबाट फर्केका, विपन्न समुदायका कृषि गर्न चाहने, व्यावसायिक योजना भएका व्यक्ति, फर्म तथा समूहलाई माग र आवश्यकताका आधारमा करार खेती, सामुहिक खेती जस्ता कार्यक्रम सञ्चालन गर्न सुलभ ब्याजदरमा कृषि उद्यम कर्जा उपलब्ध गराउन कृषि कर्जा कार्यक्रम सुरुवातका लागि बजेटको व्यवस्था गरेको छु ।

५) गाउँपालिकाको पोषण अवस्था सुधारका लागि एक घर एक करेसाबारी, सामूहिक तरकारी खेती, फलफूल खेती, विद्यालय नर्सरी तथा करेसाबारी निर्माण जस्ता कार्यक्रमहरु सञ्चालनलाई निरन्तरता दिदै नमूना बस्तीमा नमूना आय आर्जन कार्यक्रमलाई पनि आगामी बर्षमा निरन्तरता दिने व्यवस्था मिलाएको छु।

६) सफा र हरियालीः समृद्ध भूमे निर्माणका लागि ग्रीन करिडोर तथा फ्रुट करिडोर अवधारणालाई सार्थक बनाउन किसानहरुलाई निःशुल्क बिरुवा वितरण गरी बृक्षारोपण कार्यक्रम सञ्चालन निरन्तरताका लागि बजेट विनियोजन गरेको छु ।

७) माटो तथा मल परीक्षण प्रयोगशालामा सबै किसानको सहज पहुंच कायम गरि माटो परीक्षणबाट प्राप्त नतिजा र सुझावका आधारमा माटो सुहाउँदो बाली लगाउने कार्यलाई प्रवर्द्धन गर्न आवश्यक व्यवस्था गरेको छु।

८) कृषि तथा पशुपंक्षी सम्बन्धी प्राविधिक सेवालाई घरदैलोमै पुर्‍याइनेछ।कृषक तथा कृषक सञ्जालको क्षमता अभिवृद्धिका लागि व्यावहारिक र उद्यमशीलता केन्द्रित तालिम, रेडियो शिक्षा कार्यक्रम, स्थलगत अवलोकन भ्रमण, जस्ता कार्यक्रममार्फत उत्पादन, आय आर्जन, बाली विकास, संरक्षण र व्यवसायीकरणमा जोड दिन बजेटको व्यवस्था गरेको छु ।

९) मारिङ कृषि अनुसन्धान केन्द्रमा किवि बगैचा निर्माण लगायत फलफूल तथा तरकारी र वीउको उत्पादन स्रोत केन्द्रको रुपमा सुदृढ गर्न बजेटको प्रवन्ध गरेको छु।

१०) मकै विउ उत्पादनमा आत्मनिर्भर हुँनका लागि विउ उत्पादन कार्यक्रम सञ्चालनका लागि बजेटको व्यवस्था गरेको छु ।

११) जिविकोपार्जन तथा आयआर्जन बृद्धि गरी कृषिमा व्यावसायिकरण गर्न सघन कृषि कार्यक्रम मार्फत नमूना कृषि गाउँ स्थापना कार्यक्रमलाइ निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

१२) उत्पादनका आधारमा प्रोत्साहन नीतिलाई जोड दिँदै स्थानीय उत्पादनलाई प्रवर्द्धन तथा संरक्षण गर्न मागमा आधारित कृषि कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु ।

१३) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत तरकारी पकेट विकास कार्यक्रमको निरन्तरता र नयाँ आलु पकेट विकास कार्यक्रम सञ्चालन गर्न रकम विनियोजन गरेको छु ।

१४) कृषकका उत्पादनलाई प्रचार प्रसार तथा प्रोत्साहन गरि कृषि पेसालाई सम्मानजनक पेसाका रुपमा विकास गर्न तथा व्यवसायिक कृषि पेसामा आकर्षण गर्न कृषि प्रर्दशनी मेला तथा रैथाने सिप प्रर्दशनी मेला सञ्चालन गर्न रकम विनियोजन गरेको छु।

१५) भूमे गाउँपालिकाको आर्थिक विकासको प्रमुख आधारको रुपमा रहेको कृषि क्षेत्रको सुधारका लागि कृषिमा विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरणमार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि क्षेत्रमा संघीय सशर्त अनुदान र गाउँपालिकाको गरी कुल ६२ लाख ५० हजार विनियोजन गरेको छु ।

**पशुपालनः**

१. व्यावसायिक पशुपालन प्रवर्द्धनका लागि हरेक वडामा गुणस्तरीय घाँस स्रोत केन्द्र, गाउँ गाउँमा हिउँदे एवं वर्षे घाँसबाली र डाले घाँस नर्सरी स्थापनाका लागि निःशुल्क रुपमा घाँसको वीउ तथा विरुवा वितरण कार्यक्रम संचालनका लागि आवश्यक व्यवस्था मिलाएको छु ।
२. "स्वस्थ पशु स्वस्थ पशुजन्य उत्पादन" भन्ने मुल नाराका साथ पशुपन्छी पोषण सुधारका लागि पशुपन्छीको उपचार र रोगहरुको रोगथामका लागि निःशुल्क औषधी वितरण र पशुपन्छीमा

आकस्मिक रुपमा लाग्ने महामारीजन्य रोगहरुको नियन्त्रण र उपचारका लागि  विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३. पशु नश्ल सुधार, उन्नत पशु व्यवसाय प्रवर्द्धन तथा कृत्रिम प्रजनन केन्द्र सञ्चालन कार्यलाई व्यवस्थित गर्न बजेटको प्रवन्ध गरेको छु ।

४. नेपाल सरकार, प्रदेश सरकार तथा अन्य साझेदार निकायको  सहकार्यमा पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।लेकहरुमा भेडापालन व्यवसाय गरी बसेका व्यावसायीहरुलाई गोठ निर्माणका लागि अनुदान कार्यक्रम संचालन गर्ने प्रवन्ध मिलाएको छु ।

५. पशुपंक्षिबाट मानिसमा सर्न सक्ने रोगहरु विशेषगरी रेविज रोगको जोखिमलाई मध्यनजर गर्दै यसबाट बच्न प्रवर्द्धनात्मक कार्यहरु, भ्याक्सिनेशन  बन्ध्याकरण सञ्चालन गर्ने प्रवन्ध मिलाएको छु ।

६. भेटनरी सम्बन्धी सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक सामाग्रीहरु खरिद, खोप सुदृढिकरण, रोग नियन्त्रण तथा उपचार लगायतका कार्यक्रम सञ्चालन गर्न पशुसेवा तर्फ संघीय सशर्त अनुदान र गाउँपालिकाकोको गरी  कुल रु. १७ लाख ५० हजार  विनयोजन गरेको छु ।

**उद्योग तथा वाणिज्यः**

१. व्यवसायिक सीप विकासमार्फत् पहिचान भएका उद्यमीहरुलाई प्राविधिक सहयोग तथा उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्न, लघुउद्यमीहरुको स्तरउन्नतीका लागि आवश्यकता र पहिचानका आधारमा पुर्नताजगी र एडभान्स सीप विकास तालिम र प्रविधि हस्तान्तरण गर्न लघु उधमविकास कार्यक्रमका लागि रु १३ लाख बजेट विनियोजन गरेको छु ।

२. महिला, द्धन्द्धपिडित, अपाङ्गता भएका व्यक्ति, दलित समुदायलाइ उद्यमशिल बनाई जिवनस्तर सुधार गर्न **शहिद धनमाया श्रेष्ठ लघु उद्यमी कार्यक्रम निरन्तरताका** लागि  **रु. ६ लाख** रकम विनियोजन गरेको छु ।

**सहकारीः**

१. सहकारीको नियमन तथा सहजीकरण कार्यलाई प्रभावकारी बनाई समान उद्देश्य र कार्यक्षेत्र भएका सहकारीबीच एकीकरण, कमजोर सहकारीलाई सबलिकरण,  निष्क्रिय सहकारी खारेजी र उत्पादनमूलक सक्रिय सहकारीहरुलाई क्षमता विकास तथा प्रोत्साहन गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

२. बैंक तथा वित्तीय संस्था, सहकारी तथा साझेदार संस्थाहरुसँगको सहकार्यमा भूमे गाउँपालिकाका विभिन्न वडा तथा टोलहरुमा सञ्चालन भएको **डिजिटल वित्तीय साक्षरता कार्यक्रमलाई** सुदृढ गरी अन्य वडा तथा टोलहरुमा विस्तार गर्न साझेदारी गर्ने व्यवस्था गरेको छु ।

**श्रम र रोजगारीः**

**१.** प्रधानमन्त्री रोजगार कार्यक्रमले निर्दिष्ट गरे बमोजिम एक आर्थिक वर्षमा न्यूनतम् १०० दिन बराबरको रोजगारीमा सहभागी गराइ दिगो आयोजनाहरु सञ्चालन गर्नका लागि साझेदारी सहितको रकम रु. ३५ लाख ७२ हजार विनियोजन गरेको छु।

**२.** वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको ज्ञान, सीप र पूँजीलाई परिचालन गरी उद्यम विकास र रोजगारीमा संलग्न गराइ उद्यमशिलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

**३.** **"श्रमको सम्मानः राष्ट्रको अभियान"** कार्यक्रम निरन्तरताका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**पर्यटनः**

१. पर्यटन गुरुयोजना बमोजिम ऐतिहासिक, सास्कृतिक, भौगोलिक र धार्मिक पर्यटकीय क्षेत्रहरुको पूर्वाधार निर्माण गरी विकास, संरक्षण र प्रवर्द्धनका लागि आवश्यक प्रवन्ध मिलाएको छु । महत यूद्ध फिचरमा आवश्यक पूर्वाधार निर्माण गर्न बजेटको व्यवस्था गरेको छु ।

२. भूमे गाउँपालिका वडा नं. ९ को चुनबाङ्ग स्थित भेरिडाँडा संग्रहालयमा समग्र रुकुम जिल्लाका विभिन्न समुदायको जिवनशैली, मौलिक परम्परा र सस्कृति प्रतिविम्वित भएको कलाकृति तथा वृत्तचित्र निर्माण गरिनेछ गरी जनयूद्ध, संविधान सभा, शान्ति प्रक्रिया र संघीयताको सन्देश झल्किने जिवन्त संग्रहालयको रुपमा निर्माण गरी पर्यटकीय गन्तब्यको रुपमा विकास गर्न आवश्यक समन्वय गर्ने व्यवस्था मिलाएको छु ।

**पूर्वाधार विकास**

१. सडक पूर्वाधारलाई प्राथमिकतामा राखी सडक पूर्वाधारतर्फ मावि कुचिवाङदेखी झिम्कासम्म सडक ट्र्याक खोल्ने, मसिना- बाहुनकटिना सडक, दोमही गानापानी सडक, खावाङ आरुडाडा सडक, मंग्राखोला सडक, डालिबाङ देखी तल्लो साकिम सडक, गुनाम कृषि सडक, बरपेशिउ लगायत सडक पूर्वाधार निर्माण कार्य सम्पन्न गर्न रु. १ करोड ४६ लाख ९० हजार विनियोजन गरिएको छ।

२. सडक यातायातलाई बाह्रै महिना निरन्तर सञ्चालनको सुनिश्चितता र सडक यातायातलाई सुरक्षित रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्था र पहलका लागि मर्मत सम्भार कोषमा रु. ३० लाख छुट्याइएको छु।

३. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमतर्फ वडा नं. ५ अन्तर्गत सेराबाङ र डालिबाङ जोड्ने **मछैना झोलुङ्गे** पुल निर्माण गर्न रु. ६ लाख रकम विनियोजन गरेको छु।

४. सामाजिक, साँस्कृतिक तथा ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामीण वस्तिलाई व्यवस्थित बसोबासयुक्त गतिशील शहरमा रुपान्तरण गर्न शहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड स्थानीय परिवेशका आधारमा निर्माण गरी भवन निर्माण नक्सा पूर्वस्वीकृति कडाइका साथ कार्यान्वयन गरिनेछ। भवन आवास तथा वस्ति विकासतर्फ रु. ५ करोड २९ लाख बजेट विनियोजन गरेको छु।

५. निर्मित तथा निर्माणाधीन लघु तथा साना जलविद्युत आयोजनाहरुलाई मर्मत सम्भार तथा सुदृढीकरण र लघु जलविद्युत आयोजनाहरुलाई राष्ट्रिय प्रशारण लाइनमा जोड्न आवश्यक बजेटको व्यवस्था गरेको छु । विद्युतको पहुँच नपुगेका वडा नं. ७ र ९ का टोल तथा वस्तिहरुमा केन्द्रिय प्रशारण लाइन विस्तारका लागि आवश्यक पहल गर्ने व्यवस्था मिलाएको छु ।

६. घर विहिन नागरिकका लागि घरको छानामूनि ल्याउन र सुरक्षित छाना नभएका नागरिकलाई सुरक्षित नागरिक आवासको प्रत्याभूति गर्न सामाजिक सुरक्षण तथा संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालनका लागि संघ तथा प्रदेश सरकार र अन्य निकायसँगको समन्वय र साझेदारीमा सबै नागरिकलाई सुरक्षित आवासभित्र ल्याउने व्यवस्था मिलाएको छु ।

७. धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पूर्वाधारहरुको अभिलेखीकरण गरी व्यवस्थित निर्माण तथा संरक्षण र सदुपयोगका लागि गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन गर्ने कार्य अगाड बढाइनेछ ।सम्पदा पूर्वाधारको संरक्षण तथा निर्माणमा अन्तरआवद्धता हुने गरी मापदण्ड तथा प्रारुप तयार गरी क्रमशः कार्यान्वयन गर्नका लागि ३६ लाख ६० हजार विनियोजन गरेको छु ।

८. गाउँपालिकाको डिजिटल रणनीति अनुसार साझेदार निकायहरुसँगको सहकार्यमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार निर्माण तथा पहुँच विस्तार गरी डिजिटल गाउँपालिका निर्माणको कार्य अगाडी बढाउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**वन, वातावरण तथा विपद व्यवस्थापनः**

१. सामुदायिक वन संरक्षण तथा उपयोग सम्बन्धमा स्थानीयबासीको परिचालन तथा अपनत्व सिर्जना गर्ने खालका क्षमता विकास कार्यक्रम गर्न सामुदायिक वन उपभोक्ता समितिलाई परिचालन तथा अभिमुखीकरण गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

२. वन र आयआर्जनलाई अन्तर आवद्ध गर्न हरियो बार, वनस्पति बार, कृषि वन, निजी वन जस्ता कार्यक्रम ल्याइनेछ। नर्सरी निर्माण, डाले घाँस विस्तार, एक घर दश फलफूल विस्तार जस्ता कार्यक्रमबाट वन तथा वुटयान क्षेत्रको वृद्धिमा टेवा पुर्‍याउने कार्यक्रमका लागि क्षेत्रगत बजेट विनियोजन गरेको छु।

३. ग्रीन करिडोर, फ्रुट करिडोर, फ्लावर करिडोर प्रवर्द्धनका साथै सार्वजनिक पर्ती जग्गा, झाडी बुट्यान र वन नभएका क्षेत्रमा उपयोगी वृक्षा रोप्ने कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४. जल तथा भूमिको संरक्षण, पानीको मुहानहरुको संरक्षण, मुहान सफा राख्ने, वृक्षारोपन कार्यलाई जोड दिँदै बाँध तथा तटबन्ध निर्माण,  वृक्षारोपन जस्ता कार्यक्रमका लागि रकम विनियोजन गरेको छु।

५. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र जलवायु परिवर्तन स्थानीय अनुकूलन योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ। विपद्मा हुन सक्ने लैङ्गिक हिंसालाई ध्यानमा राखेर सचेतनामूलक सन्देश, सूचना सामाग्रीहरु सम्प्रेषण गर्न आवश्यक प्रवन्ध गरेको छु।

६. विपद पश्चातको खोज, उद्धार, राहत, पुनर्स्थापना कार्यलाई योजनावद्ध व्यवस्थित गर्न पालिका तथा समुदायस्तरसम्म द्रुत प्रतिकार्य टोलीलाई आवश्यक सामग्री सहित तयारी अवस्थामा राखिनुका साथै विपद् व्यवस्थापन सूचना केन्द्रको रुपमा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रलाई सुदृढीकरण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७. विपद् पूर्व र विपद् पश्चातका कार्यहरु सञ्चालन गर्न विपद् व्यवस्थापन कोषमा रकम वृद्धि गरी २० पुर्याएको छु ।

८. विपद् व्यवस्थापनका लागि चाहिने सामाग्री खरिद तथा वडास्तर र पालिकास्तरमा सञ्चालन हुने विपद जोखिम न्यूनिकरण तथा प्रतिकार्य योजना तथा कार्यक्रमका लागि विपद व्यवस्थापनतर्फ कुल रु. ६२ लाख ५० हजार विनियोजन गरेको छु ।

**सुशासन तथा संस्थागत विकास**

१. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेसागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ। जनताको नजिकमा सरकारको अनुभूति दिलाउन वडा कार्यालयबाट प्रवाह हुने सेवा सुविधालाई छिटो छरितो र व्यवस्थित बनाई सरल र सुशासनयुक्त बनाउन आवश्यक व्यवस्था मिलाएको छु।

२. स्वीकृत नीति तथा कार्यक्रम र बजेट तथा आयोजनाको अधीनमा रही वार्षिक खरिद योजना तथा खरिद गुरुयोजना तयार गरी सोहि बमोजिम सार्वजनिक खरिद प्रणालीलाई चुस्त दुरुस्त र सुशासनयुक्त बनाउन तथा वित्तीय सुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी बनाउने प्रवन्ध मिलाएको छु।

३. मासिक तथा साप्ताहिक बुलेटिन प्रकाशन, रेडियो कार्यक्रममार्फत आम नागरिकको सूचनाको हकलाई प्रवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था गरेको छु। स्वतः प्रकाशन, मासिक, चौमासिक तथा वार्षिक खर्च तथा प्रगतिको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सामाजिक

परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि र पद्धति बमोजिम कार्यान्वयन गर्न बजेट विनियोजन गरेको छु।

४. वडा कार्यालय, स्वास्थ्य संस्थाबाट सम्पादन भएका सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माण सम्बन्धी कार्यको नियमित रुपमा मासिक प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्थालाई निरन्तरता दिएको छु ।

५. गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिमा आधारित सेवा प्रवाहको पूर्वाधार तय गरी डिजिटल गाउँपालिकामा रुपान्तरण योजना अगाडि बढाइनेछ। सूचना तथा अभिलेख केन्द्रलाई सुदृढीकरण गरी विज्ञान-प्रविधि, अध्ययन-अनुसन्धान तथा विकास, सीप तथा सीपमूलक तालिमको नियमन, डिजिटल साक्षरताका तथा डिजिटल अभिलेखीकरण कार्यक्रममार्फत विद्युतीय सरकारको अवधारणामा टेवा पुर्‍याइनेछ।

६. कार्यालयलाई आवश्यक पर्ने महत्वपूर्ण तथ्याङ्कको भण्डारणका लागि गाउँपालिकाको आफ्नै सर्भर स्थापना गरी डिजिटल कन्टेन्ट चाहिएको बेला पाइने तथा सरोकारवालाहरुको पहुँच पुर्‍याउन सकिने गरी भण्डारण, सञ्चालन र सुरक्षणका लागि बजेट व्यवस्था गरेको छु। गाउँपालिकाका सबै प्रकारका आधारभूत सूचनाहरु सूचना तथा अभिलेख केन्द्रमा उपलब्ध हुने र सामाग्रीहरु सूचना केन्द्रमा अध्ययन गर्न सकिने व्यवस्था थप सुदृढ गरेको छु।

७. संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि दिगो आर्थिक वृद्धि हासिल गरी आर्थिक विकास र समृद्धिको चाहनालाई सार्थक तुल्याउन वडा, टोल र बस्तीस्तरबाट प्राथमिकताका साथ छनौट भएका तथा गाउँपालिकाले समेत उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न खोजेका कृषि, शिक्षा, स्वास्थ्य, ग्रामीण सडक, ऊर्जा, लघु तथा साना जलविद्युत, सूचना तथा संचार प्रविधिसँग सम्बन्धित आयोजनाहरुको कार्यान्वयन क्षमता बढाउन उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण साथै प्रभावकारी र जवाफदेही अनुगमनको व्यवस्थाका लागि बजेट विनियोजन गरेको छु।

**मानव संशाधन तथा क्षमता विकासः**

१) जनप्रतिनिधिहरु र कर्मचारीको क्षमता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहलाई सहज र चुस्त सेवाको अनुभूति गराउनुका साथै जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकता प्रवर्द्धनका लागि प्रोत्साहन, प्रवर्द्धन र पुरस्कारका साथै क्षमता विकास तालिमको व्यवस्था गरेको छु।कार्यालय र जनशक्तिका लागि चाहिने साधन र स्रोत अभाव हुन नदिने व्यवस्था मिलाएको छु।

२) राष्ट्रसेवक कर्मचारीहरुको मनोबल वृद्धि गर्न र प्राविधिक तथा अन्य कर्मचारी र शिक्षकको क्षमता बृद्धि गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन, कामसँग सम्बन्धित विषयमा अभिमुखीकरण, तालिम

लगायत कर्मचारीहरुको क्षमता विकास, अध्ययन भ्रमण, सीप विकास जस्ता क्षेत्रमा बजेट व्यवस्था गरेको छु ।

३) अन्य स्थानीय तह तथा संघसंस्थाहरुले गरेका असल अभ्यास तथा उपलब्धिबाट सिकाइका लागि अध्ययन, भ्रमण कार्यक्रमहरु मार्फत अनुभव आदान प्रदान सम्बन्धी कार्यक्रमलाई जोड दिँदै भूमे गाउँपालिकाका जनप्रतिनिधि, शिक्षक तथा कर्मचारी अवलोकन भ्रमणको कार्यक्रमतर्फ आवश्यक बजेट विनियोजन गरेको छु।

४) सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई बजारको महगिंलाई मध्यनजर गर्दै खाइपाइ आएको २ हजार महङ्गि भत्तामा ३ हजार थपि ५ हजार पुर्याउने संघीय सरकारको निर्णयलाई कार्यान्वयन गर्ने गरी बजेटको प्रवन्ध गरेको छु ।

५) भूमे गाउँपालिका अन्तर्गतका सम्पुर्ण करार, ज्यालादारीमा कार्यरत कर्मचारी तथा शिक्षकहरुलाई सामाजिक सुरक्षाकोषमा आबद्ध गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**कानून न्याय तथा असल समाजः**

१) न्यायिक समितिको कार्यप्रक्रिया, न्यायिक निरुपण तथा मेलमिलाप प्रवर्द्धन गर्न, विवाद समाधानमार्फत पिडितलाई न्यायको अनुभूति गराउन न्यायिक समिति, मेलमिलाप केन्द्र गठन, परिचालन र न्यायिक समितिका पदाधिकारीहरु र मेलमिलापकर्तालाई अभिमुखिकरण, न्यायिक इजलास निर्माण, न्यायिक निरुपण सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया गरी सद्भावयुक्त समाज निर्माण गर्न न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरुको क्षमता विकास र सबलीकरणका लागि रु. १० लाख विनियोजन गरेको छु।

**पञ्जिकरणः**

१) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत वडा कार्यालयहरुमा आवश्यक प्रविधि र जनशक्तिसहितका पूर्वाधारको परिचालन र उपयोग गरी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनलाई सूचना प्रणालीमा आवद्ध गरी अनलाईन प्रणालीमा जान व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

**राजश्वः**

१) गाँउपालिका क्षेत्र भित्रका सम्पूर्ण करदाताहरुलाई सरोकारवालाहरुसंगको समन्वयमा करशिक्षा तथा कर सचेतनासम्बन्धी कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

# भूमे गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेट वक्तव्य

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८२/०८३ को बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना देहाय बमोजिम रहेको छ। आर्थिक वर्ष २०८२/०८३ का लागि रू. ५० करोड ८४ लाख ६४ हजार ५ सय ७६ रुपैयाँ विनियोजन गरिएको छ। कुल विनियोजनमध्ये चालुतर्फ रु. ३३ करोड ७७ लाख ७ हजार ९ सय रुपैयाँ मात्र अर्थात ६६ दशमलब ४१ प्रतिशत, पूँजीगततर्फ रु. १७ करोड ७ लाख ५६ हजार ६ सय ७६ रुपैया मात्र अर्थात ३३ दशमलब ५९ प्रतिशत प्रतिशत रहेको छ।

आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुमध्ये आन्तरिक राजश्वबाट रू. ७० लाख रुपैयाँ, राजस्व बाँडफाँड बाट रु. ११ करोड ७८ लाख ८३ हजार ५ सय ७६ रुपैयाँ तथा गत वर्षको अनुमानित मौज्दात रु.८० लाख रुपैयाँ गरी आन्तरिक आयबाट जम्मा रु. १३ करोड २८ लाख ८३ हजार ५ सय ७६ रुपैयाँ अर्थात २६ दसमलव १३ प्रतिशत, वित्तीय समानीकरण अनुदानबाट रू. १२ करोड १० लाख ८१ हजार अर्थात् २३ दसमलव ८१ प्रतिशत, सःशर्त अनुदानबाट रू. २१ करोड ९९ लाख अर्थात् ४३ दशमलव २४ प्रतिशत, समपुरक अनुदानबाट रु. १ करोड ६१ लाख अर्थात ३ दशमलव १६ प्रतिशत, विशेष अनुदानबाट रु १ करोड ८५ लाख अर्थात ३ दशमलव ६३ प्रतिशत स्रोत व्यहोरिनेछ।

आर्थिक वर्ष २०८२/०८३ का लागि गैरसरकारी संस्थाहरुको वार्षिक कार्यक्रम सहित बजेट प्रस्ताव प्राप्त भएको छ। उक्त बजेट रकम गाउँपालिकाको वार्षिक विकास कार्यक्रममा समावेश गरी प्रकाशन गर्ने व्यवस्था मिलाएको छु ।

**अध्यक्ष महोदय तथा गाउँसभा सदस्यहरु,**

बजेट तर्जुमाका क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न रहने तथा सुझाव दिनुहुने गाउँपालिका अध्यक्षज्यू लगायत सम्पूर्ण पदाधिकारीज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक वर्ग, बुद्धिजीवि वर्ग, नागरिक समाज तथा सामुदायिक संघसंस्था सबैप्रति आभार व्यक्त गर्दछु।

अन्त्यमा, गाउँपालिकाको '**सफा र हरियालीः समृद्ध भूमे**÷ आकांक्षा पूरा गर्न निरन्तर रुपमा सहयोग, समन्वय, सहकार्य गर्दै ऊर्जा र हौसला बढाउन योगदान पुर्‍याउनुहुने आम गाउँपालिकाबासी आमा बुवा दाजु भाइ दिदी बहिनी, गाउँपालिकाका विभिन्न कोषमा योगदानकर्ता, राष्ट्रसेवक कर्मचारी, राष्ट्रिय तथा अन्तर्राष्ट्यि गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति धन्यवाद ज्ञापन गर्दछु। बजेट तर्जुमाको क्रममा प्राप्त भए जस्तो सहयोग र सद्भाव प्रभावकारी कार्यान्वयनमा पनि रहने विश्वास लिएको छु। धन्यवाद! नमस्कार ।

**सविना बुढा, उपाध्यक्ष**
**संयोजकः बजेट तथा कार्यक्रम तर्जुमा समिति**
**मिति २०८२ साल असार १० गते**